**गौमुखी गाउँपालिकाका उपाध्यक्ष श्री महावीर राना ज्यू ले मिति २०८१/०३/१० गते गाउँसभामा पेश गर्नु भएको आर्थिक वर्ष२०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रम**

गौमुखी गाउँपालिका गाउँसभाका अध्यक्ष ज्यु ।
गाउँसभाका सदस्य ज्यु हरु ।
राष्ट्रसेवक कर्मचारीहरु ।

१.गौमुखी गाउँपालिका गाउँसभाको १७ औं अधिवेशनमा गौमुखी गाउँपालिकाको उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकका हैसियतले आगामी आर्थिक वर्ष ०८१/०८२ को बजेट यस गरिमामय सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

२. यस अवसरमा म नेपालको राजनीतिक क्रान्ति तथा गणतान्त्रिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने महान ज्ञात अज्ञात सहिदहरु प्रती भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । संघर्षको क्रममा घाइते तथा बेपत्ता हुनुभएका योद्धाहरु प्रती उच्च सम्मान प्रकट गर्दछु ।

३. संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको दोश्रो स्थानीय तह सदस्य निर्वाचन बाट हामीले स्थानीय जनप्रतिनिधिको जिम्मेवारी ग्रहण गरेको दुई वर्ष पूरा भएको छ । सिमित श्रोत साधन एवं नागरिकका असीमित चाहना र आवश्यकताको बीच बाट समस्याहरुको बस्तुनिष्ठ पहिचान सहित उपलब्ध श्रोत साधनको अधिकतम सदुपयोग गर्दै गौमुखीबासीको जीवनस्तरलाई माथी उठाएर सुशासन,सामाजिक न्याय र समृद्धिको उद्देश्य हासिल गर्न प्रस्तुत बजेट परिलक्षित हुनेछ ।

४. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान २०७२,स्थानीय सरकार संचालन ऐन २०७४,नेपाल सरकार र लुम्बिनी प्रदेश सरकारको नीति, कार्यक्रम,बजेट,मार्गदर्शन र निर्देशनहरु,अन्तर सरकारी बित्त व्यबस्थापन ऐन २०७४,स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन,राजस्व परामर्श समितिको निर्णय तथा प्रतिवेदन,श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको निर्णय,बजेट तथा कार्यक्रम तर्जुमा समितिको निर्णय,गाउँ कार्यपालिकाको बैठकले गरेका निर्णयहरु र स्थानीय राजनीतिक दल,नागरिक समाज,बुद्धिजीवी,संघ संस्था र विभिन्न सरोकारवालाहरु बाट प्राप्त सुझावहरुलाई आधार बनाएको छु ।
५. राष्ट्रिय अर्थतन्त्रमा परेको आर्थिक मन्दी तथा राजस्व संकलनमा भएको गिरावटले स्थानीय अर्थतन्त्रमा पनि असन्तुलन पैदा भएको छ । आर्थिक वर्ष ०७९/०८० मा संघीय बिभाज्य कोष बाट राजस्व बाडफाड शिर्षकको सबै अनुदान बजेट प्राप्त नहुदा चालु आर्थिक वर्षमा भुक्तानी दायित्व अल्या गर्दा यस वर्षको विकास बजेट कटौती गर्नुपर्ने अवस्था सिर्जना भएको थियो । चालु आर्थिक वर्षमा पनि यो समस्या पुनरावृत्ति हुने देखिन्छ । अत:सुशासन र मितव्ययितालाई गम्भीरताका साथ कृयान्वयन गर्दै,स्थानीय उत्पादनमा वृद्धि गर्ने,रोजगारी सृजना गर्ने,आयात प्रतिस्थापन र निर्यात पर्वर्धन गर्ने,उत्पादनमुखी विकास क्रियाकलापहरु प्रस्तुत बजेटका प्राथमिकता हुन् ।
सभाध्यक्ष महोदय
अब म गौमुखी गाउँपालिकाको चालु आर्थिक वर्ष ०८०/०८१ को बजेट कार्यान्वयनको समिक्षा तथा आय व्ययको यथार्थ स्थिति प्रस्तुत गर्दछु ।

६. चालू आर्थिक वर्षको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न जम्मा ४५ करोड ८० लाख ८८ हजार खर्च हुने अनुमान गरेकोमा लुम्बिनी प्रदेश सरकार बाट ४९ लाख ८८ हजार विषेश अनुदान थप भइ संशोधित आम्दानी प्रक्षेपण ४६ करोड ३० लाख ७६ हजार हुन पुगेको थियो । चालू आर्थिक वर्षको असार ९ गतेसम्म संघीय समानिकरण अनुदान ६ करोड ९५ लाख ६० हजार, संघीय सशर्त अनुदान २० करोड ७ लाख ९६ हजार,संघीय बिशेष अनुदान ८० लाख,संघीय समपुरक अनुदान ५० लाख गरि जम्मा २८ करोड ३३ लाख ५६ हजार प्राप्त भएको छ भने लुम्बिनी प्रदेश सरकारको समानीकरण अनुदान ४८ लाख २८ हजार ५ सय,सशर्त अनुदान ४० लाख ७५ हजार र समपुरक अनुदान ५० लाख गरी जम्मा १ करोड ३९ लाख ३५ सय प्राप्त भएको छ भने राजस्व बाडफाड शिर्षक बाट जम्मा ७ करोड ७९ लाख २४ हजार ९ सय ९४ रपैया ७० पैसा प्राप्त भएको छ ।

त्यसैगरि आन्तरिक आम्दानीको १ करोड ९ लाख २ हजार ४ सय ९८ र पैसा ९२ समेत गरि हालसम्मको जम्मा आय ३८ करोड ५२ लाख ८६ हजार ९ सय ९३ रुपैयाँ ६२ पैसा रहेको छ । जुन प्रक्षेपित आम्दानीको ७७.९८% प्रतिशत रहेको छ ।
यसैगरी व्यय अनुमानको चालू तर्फ २८ करोड २८ लाख ६० हजार ८ सय ५३ रुपैयाँ ३४ पैसा र पुजीगत तर्फ ५ करोड १० लाख ४६ हजार ३७ रुपैयाँ खर्च भएको छ । जुन चालू आर्थिक वर्षमा प्रक्षेपण गरिएको व्यय अनुमानको ७२.१० प्रतिशत प्रगती रहेको छ ।
७. चालू आर्थिक वर्षमा संघीय समानिकरण अनुदानको चौथो तथा अन्तिम त्रैमासिकको २५ प्रतिसत बजेट रोक्का रहेको,संघीय सरकारको राजस्व संकलनमा आएको संकुचनका कारण बिभाज्य कोष बाट राजस्व बाडफाड असन्तुलन भइ राजश्व बाडफाड शिर्षकको बजेट घट्न गएको,लुम्बिनी प्रदेश सरकार बाट समेत विगतको तुलनामा सशर्त र विशेष अनुदान तर्फ थप अनुदान प्राप्त हुन नसक्नु र गिट्टी बालुवा र अन्य आन्तरिक आम्दानीका क्षेत्रहरुमा अपेक्षित राजस्व संकलन हुन नसक्नु जस्ता कारणहरुले आय र व्यय तर्फ घोषित लक्ष प्राप्ति हुन नसक्ने देखिन्छ ।

सभाध्यक्ष महोदय ।
आर्थिक वर्ष ०८१/०८२ को बजेट लाई निम्न उद्देश्यहरु प्राप्तिका लागि केन्द्रित गरिएको छ ।
९. नेपालको संविधान २०७२ को अनुसूची ८ मा रहेका स्थानीय सरकारका एकल अधिकारका क्षेत्रहरुलाई कार्यान्वयन गर्न आवश्यक पर्ने श्रोत साधन,दक्ष जनशक्ति व्यवस्थापन र आवश्यक कानुनी प्रबन्धहरुका साथमा स्थानीय सरकारको क्षमता विकासमा ध्यान दिने, दक्ष,प्रबिधिमैत्री र चुस्त कर्मचारी प्रशासनको माध्यम बाट सुशासन पर्बर्धन,छिटोछरिटो र नागरिकमैत्री सेवाप्रबाहको बातावरण तयार गर्ने ।
१०. साधारण खर्चलाई कम गर्दै पुजि निर्माण गर्ने विकास बजेट बढाउने,कृषि उत्पादन र पर्यटन पर्बर्धनका माध्यम बाट स्थानीय अर्थतन्त्रको विकास गर्दै जनताको जीवनस्तर माथी उठाउने ।
११. गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाका लागि नीति कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने ।

१२. गुणस्तरीय पुर्वाधार निर्माण,वातावरण संरक्षण र दिगो विकासका लागि योजनावद्द प्रयास ।

सभाध्यक्ष ज्यु ।
अब म गौमुखी गाउँपालिकाको आगामी आर्थिक वर्ष ०८१/०८२ को वार्षिक बजेटका प्रमुख क्षेत्रगत बिनियोजन एवं कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।

१३. शिक्षा
गुणस्तरीय र निशुल्क शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न सामुदायिक बिधालयको गुणस्तर सुधार,बिद्यार्थीहरुको सिकाइ उपलब्धि वृद्धि गर्ने र परिक्षा प्रणालीलाई व्यबस्थित गर्न जोड दिइनेछ । बिधालयको नियमित एवं प्रभावकारी अनुगमन गर्न तथा शैक्षिक सुधार कार्यक्रम संचालन गर्न आवस्यक बजेट प्रबन्ध गरेको छु ।

१४. सामुदायिक बिधालयहरुलाई भौतिक पुर्बाधार युक्त बनाइनेछ । गाउँपालिकाको केन्द्रभागमा रहेको प्रमुख विधालय श्री गौमुखी माध्यमिक बिधालय ठुलावेसीलाई नमुना बिधालयको रुपमा विकास गर्न १ करोड ८० लाख बजेट व्यवस्था गरेको छु । त्यसैगरि श्री अर्खा माविको पुर्बाधार विकासका लागि संघ सरकार मार्फत कार्यान्वयन हुने गरि रु १ करोड बजेट प्रबन्धका लागि समन्वय र पहल गरिएको छ । महेन्द्र माबि पुजाको भवन निर्माणका लागि ५० लाख छुट्टाइएको छ । गाउँपालिका अन्तर्गतका सबै माध्यामिक बिधालयहरु र आवश्यक आधारभुत बिधालयहरुको भौतिक पुर्बाधार निर्माणका लागि जम्मा ३ करोड ७० लाख बजेट व्यवस्था गरिएको छ ।

१५. आगामी आर्थिक वर्ष ०८१/०८२ मा गौमुखी गाउँपालिकाको कक्षा १ देखि ८ को स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक तयार गरि लागू गरिनेछ । यसका लागि १५ लाख बजेट बिनियोजन गरेको छु ।

१६. सबै माध्यमिक बिधालयहरुमा छात्रा विश्राम कक्ष(Rest room)स्थापना गर्ने नीति कार्यान्वयन गरिनेछ । बिद्यार्थी छात्राहरुको लागि निशुल्क सेनेटरी प्याड व्यबस्थापनको लागि आवश्यक बजेट व्यवस्था गरिएको छ । भेण्डर मेसिन मार्फत सेनेटरी प्याडको सुव्यवस्थीत प्रयोग गर्ने वातावरण मिलाइनेछ र स्थानीय सीप र प्रबिधि आधारित रियुजेबल प्याड प्रयोगमा प्रोत्साहन गरिनेछ

।आगामी वर्ष देखि बिधालय नर्स कार्यक्रम संचालन गर्न ४ लाख बजेट प्रवन्ध गरेको छ। पाइलोटिङ्गको रुपमा पहिलो वर्ष यो कार्यक्रम गौमुखी मावि ठुलाबेसीमा कार्यान्वियन हुनेछ। आगामी वर्ष गौमुखी गाउँपालिका भित्रका सम्पुर्ण सामुदायिक बिधालयहरुको रङ्गरोगन गर्न आवश्यक बजेट व्यवस्था गरिएको छ।

१७. बिद्यार्थीहरुको सृजनात्मक क्षमता अभिवृद्धि गर्न "सृजनाको लागि शुक्रबार" कार्यक्रम संचालन गरिनेछ।

१८. शिक्षकहरुको क्षमता विकासका लागि विभिन्न तालिम, कार्यक्रमहरु संचालन गरिनेछ। बालबालिकाको सिकाइको प्रस्थान बिन्दु बालविकास केन्द्रका सहजकर्ताहरुको क्षमता विकास,विषयगत शिक्षक तालिम,प्रधानाध्यापकहरुको नियमित बैठक,मासिक रुपमा सिकाइ उपलब्धि परिक्षा जस्ता क्रियाकलाप संचालन गर्न बजेट व्यवस्था गरेको छु।

१९. स्थायी,राहत अनुदान,अस्थायी तथा गाउँपालिका अनुदान बाट नियुक्त सबै शिक्षकहरुले समान पोसाक भत्ता पाउने गरि बजेट प्रबन्ध गरेको छ। उत्कृष्ट नतिजा हासिल गर्ने बिद्यार्थी र शिक्षकहरुलाई अबदेखि हरेक शिक्षा दिवसका अवसरमा पुरष्कृत एवं सम्मान गरिनेछ। यस कार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२०. गाउँपालिका अनुदानका शिक्षकहरुको तलब भत्ताका लागि २ करोड ६० लाख बजेट बिनियोजन गरेको छु। आगामी वर्ष शिक्षाक्षेत्रमा सशर्त र आन्तरिक सहित जम्मा २२ करोड २ लाख ५७ हजार बजेट बिनियोजन गरिएको छ। जुन कुल बजेटको४७.६६प्रतिशत हो।

स्वास्थ्य तर्फ

२०. "आधारभुत स्वास्थ्य सेवा नागरिकको घरघरमा" को उद्देश्य अनुरुप नेपाल सरकार बाट स्वीकृत स्वास्थ्य संस्था बाहेक गाउँपालिकाले आफ्नै श्रोत बाट ७ वटा सामुदायिक स्वास्थ्य इकाईहरुको निरन्तर संचालन र व्यबस्थापनको लागि ५० लाख बजेट बिनियोजन गरिएको छ। सबै सामुदायिक स्वास्थ्य इकाइहरुमा अनिवार्य अनमिको व्यवस्था गरि मातृशिसु स्वास्थ्यमा सुधार,जिरो होम डेलिभरी लगायतका कार्यक्रमहरुलाइ अझ प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

२१. निर्माणाधीन १५ सैयाको अस्पताल भवन निर्माणको काम आगामी आर्थिक वर्षमा सम्पन्न गरिनेछ। भवन निर्माणका लागि गाउँपालिकाको लागत सहभागिता बापत छुट्याउनु पर्ने २ करोड बजेट बिनियोजन गरेको छु। आधारभुत अस्पताल संचालन गर्न लुम्बिनी प्रदेश सरकार र विभिन्न सरोकारवाला संघ संस्था सङ्ग समन्वय र सहकार्य गरिनेछ। अस्पताल संचालन नहुदासम्म पुजा स्वास्थ्य चौकीमा MBBS डाक्टरबाट स्वास्थ्य सेवा उपलब्ध गराइनेछ। अर्खा स्वास्थ्य चौकी भवन निर्माण गर्न रु २० लाख विनियोजन गरेको छु।

२२. गौमुखी गाउँपालिकाले लिएको मानसिक बिरामीहरुको निशुल्क उपचार गर्ने कार्यक्रमलाई निरन्तरता दिएको छु। पालिकावासी नागरिकको मानसिक स्वास्थ्य उपचार एवं पर्बधन गर्न ८ लाख बजेट प्रबन्ध गरेको छु।

२३. गाउँपालिकालाई पुर्ण संस्थागत सुत्केरी सुनिस्चित भएको पालिका घोषणा गर्न योजना कार्यक्रम संचालन गरिनेछ। बर्थिङ्ग सेन्टरहरुलाई सुबिधायुक्त बनाउने,स्वास्थ्य संस्थामा प्रसुती हुन आउनेलाई निशुल्क एम्बुलेन्सको व्यबस्था गर्ने,महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई थप प्रोत्साहन गर्ने कार्यक्रमका लागि बजेट व्यवस्था गरेको छु। आधारभुत स्वास्थ्य सेवालाई सहज र सर्वशुलभ रुपमा उपलब्ध गराइनेछ।

त्यसैगरी पोषण कार्यक्रम तर्फ १६ लाख ३५ हजार व्यवस्था भएको छ।

स्वास्थ्य क्षेत्र तर्फ सशर्त र आन्तरिक सहित कुल ४,६०,८६,०००।- (१४.८ %) बजेट बिनियोजन गरिएको छ।

कृषि तथा पशुसेवा तर्फ

२४. कृषि क्षेत्रको व्यवसायीकरण,यान्त्रिकीकरण र आधुनिकीकरण मार्फत कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न "एक वडा एक पकेट" कार्यक्रम संचालन गरिनेछ। यसका लागि रु ११ लाख बजेट बिनियोजन गरेको छु। वडा नम्बर २ र ३ लाई किवी

उत्पादनक्षेत्र बनाउने,वडा नम्बर ५ लाई प्याज लसुन पकेट क्षेत्र बनाउने र वडा नम्बर ७ लाई मौसमी तथा बेमौसमी तरकारी उत्पादन पकेट क्षेत्र बनाउने कार्यक्रम संचालन गर्न लुम्बिनी प्रदेश सरकार बाट थप ३० लाख बजेट प्रबन्ध भएको छ ।

२५. तरकारी उत्पादनमा आत्मनिर्भर हुने नीति कार्यान्वयन गरिनेछ । गाउँपालिकामा आगामी वर्ष आलु पकेट विकास कार्यक्रम संचालन गर्न १२ लाख बजेट व्यबस्था गरेको छु ।

२६. रैथाने बाली अन्तर्गत कोदो र फापर पर्बर्धन कार्यक्रम संचालन गर्न ५ लाख बजेट बिनियोजन गरेको छु । माटो परिक्षण शिविर,बालीउपचार शिविर,हाटबजार संचालन,बाली बिमा,फलफुल पर्बर्धन कार्यक्रम,कृषक सङ्ग कृषि प्राबिधिक कार्यक्रम लगायतका कार्यक्रमहरु संचालन गर्न रु २० लाख बिनियोजन गरेको छु ।

२७. व्यवसायीक पशुपालन गर्ने किसान लाई प्रोत्साहित गर्ने कार्यक्रमहरु संचालन गरिनेछ । दुग्धजन्य र मासुजन्य उत्पादनमा आत्मनिर्भर बन्ने नीति कार्यान्वयन गरिनेछ । पसुसेवा ल्याव संचालन,पशुहरुलाई भ्याक्सिनेसन,पशु औषधी खरिद,कृषक सङ्ग पशुसेवा प्राबिधिक कार्यक्रम लगायतका कार्यक्रमहरु संचालन गर्न रु २० लाख बजेट बिनियोजन गरेको छु ।

२८. गौमुखी गाउँपालिका भित्र कृषि तथा पशुपालन तर्फ नमुनायोग्य काम गर्ने उत्कृष्ट कृषकहरुलाई पुरष्कृत एवं सम्मान गर्न आवश्यक बजेट व्यबस्था गरेको छु ।

संस्कृति र पर्यटन तर्फ ।

२९. पर्यटन क्षेत्रको योजनावद्द विकास गरि गौमुखीवासीको जीवनस्तर र आयआर्जनलाई माथी उठाउने नीतिलाई कार्यान्वयन गरिनेछ । महत्त्वपूर्ण धार्मिक पर्यटकीय गन्तव्य गौमुखीको पुर्वाधार निर्माण गर्न ३६ लाख बजेट प्रबन्ध भएको छ । यो बजेटलाई गाउँपालिकाले निर्माण गरेको बृस्तित परियोजना प्रतिबेदन (DPR)अनुसार क्रमशः कार्यान्वयन गर्दै लगिनेछ । यसै गरि अर्को महत्त्वपूर्ण गन्तव्य टोप्रेगुफाको पर्यटन पुर्बाधार निर्माण योजनाका लागि मदाने गाउँपालिका गुल्मी सङ्गको साझेदारीमा कार्यान्वयन गर्ने गरि १० लाख बजेट बिनियोजन गरेको छु ।

३०. स्थानीय मौलिक संस्कृतिलाई सिङ्गो गाउँपालिकाको परिचय र पहिचानको रुपमा संरक्षण एवं सम्बर्द्धन गरिनेछ । सोरठी,मारुनी,पन्चेबाजा,यानिमाया,तामाङ्गसेलो लगायत विभिन्न जाति जनजातिहरुको पहिचानमा आधारित संस्कृतिको संरक्षण गरिनेछ । यसका लागि लोकसंस्कृति संरक्षण शिर्षकमा ५ लाख बजेट बिनियोजन गरेको छु ।

३१. गौमुखी,झाकृढुङ्गा,नारिकोट देउराली लगायतका पर्यटकीय स्थलहरुमा धार्मिक र अन्य पर्यटकहरुको आवागमनमा बढोत्तरी भइरहेको सन्दर्भमा यसको थप विकास एवं व्यबस्थापन गर्न पर्यटन विकास समिती गठन गरी ठोस योजना बनाएर कार्यान्वयन गरिनेछ ।

युवा तथा खेलकुद

३२. खेलकुद क्षेत्रको विकासका लागि रु १५ लाख बिनियोजन गरेको छु । युवाहरुमा खेलप्रतिभाको विकास गराउदै जिल्ला,प्रदेश र राष्ट्रिय स्तरमा पहिचान र प्रतिनिधित्वका लागि जनशक्ति तयार गरिनेछ ।

३३. अन्तर माध्यमिक बिधालय स्तरमा विभिन्न बिधागत खेलकुद प्रतियोगिताहरु आयोजना गर्ने र गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई व्यबस्थित रुपमा संचालन गर्न आवश्यक बजेट प्रबन्ध गरेको छु । गाउँपालिका केन्द्रभागमा रहेको कुर्लाचौर खेलमैदानका लागि रु १० लाख बिनियोजन गरेको छु ।

३४. युवाहरूलाई विभिन्न सिपमुलक तालिम तथा प्रशिक्षण संचालन गर्न रु १० लाख बजेट बिनियोजन गरेको छु। भविष्यकेन्द्रित काममा युवाहरुलाई जोड्न र लागुऔषध लगायतका दुर्व्यशन जस्ता कुलत विरुद्ध सचेतनामुलक कार्यक्रमका लागि आवश्यक बजेट प्रबन्ध गरेको छु ।

लघु उधम र रोजगार

३५. "एक घर एक सीप युक्त जनशक्ति"को नारालाई थप प्रभावकारी रुपमा कार्यान्वयन गर्न बजेट व्यवस्था गरिएको छ। सीपयुक्त जनशक्ति तयार गरि रोजगार र स्वरोजगारका अवसरहरु सृजना गरिनेछ। प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत रोजगारी सृजना गर्ने योजनाका लागि कुल ८२ लाख ९४ हजार बिनियोजन गरिएको छ।

३६- गाउँपालिका क्षेत्रमा पाइने अल्लोलाई यहाँको उधम र आयआर्जन सङ्ग जोड्ने नीति कार्यान्वयन गर्न रु २० लाख बजेट बिनियोजन गरेको छु।

३७. आयातीत खादामालाको प्रयोगलाई निरुत्साहित गरिनेछ। सभासमारोहहरुमा स्थानीय उधमीहरुले उत्पादन गरेको खादा मात्रै प्रयोग गर्ने नीतिलाई कार्यान्वयन गरिनेछ। चाडपर्बहरु आयातीत र पलाष्टिक जन्य फुलको प्रयोग निरुत्साहन गर्न गाउँ समाज र बिधालयहरुमा फुलखेती गर्न प्रोत्साहन गरिनेछ। यसका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।
३८. सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिष्पर्धा वृद्धि,लघु तथा घरेलु उधमी सृजना तथा लघुउधम विकास कार्यक्रम संचालन गर्न रु १३ लाख बजेट प्रबन्ध गरिएको छ। सहकारी पर्बधन कार्यक्रमका लागि रु ५ लाख बिनियोजन गरेको छु।

महिला,बालबालिका,जेष्ठ नागरिक तथा सामाजिक समावेशीकरण

३९. महिला जनप्रतिनिधिहरुको क्षमता विकास गर्न आवश्यक बजेट बिनियोजन गरेको छु। समाजका हरेक क्षेत्रहरुमा महिलाहरुको नेतृत्वदायी क्षमताको विकास गर्न महिला नेतृत्व विकास तालिम संचालन गरिनेछ।

४०. बालश्रममुक्त,बालबिबाह मुक्त ,घरेलु हिंसा मुक्त,छुवाछूत मुक्त अपाङ्गमैत्री र लैङ्गीकमैत्री समाज निर्माण गर्न विभिन्न कार्यक्रमहरु संचालन गर्न रु २० लाख बजेट बिनियोजन गरेको छु।

४१. दलित युवाहरुलाई सीपमुलक तालिम,अन्तरजातिय बिबाह गर्ने जोडीलाई सम्मान,जेष्ठ नागरिक दिवासेवा कार्यक्रम,अपाङ्गता भएका व्यक्तिहरुको सीप विकास एवं सशक्तीकरण ऋद्यच जस्ता कार्यक्रमहरु संचालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

बन,बाताबरण र विपद व्यबस्थापन

४२. दिगो पर्यावरण संरक्षणका लागि "एक सामुदायिक वन एक रिचार्ज पोखरी" कार्यक्रम संचालन गरिनेछ। यो कार्यक्रम अनुसार गाउँ पालिका भित्र रहेका प्रत्येक सामुदायिक वन उपभोक्ता समुहहरुले साझेदारीको अवधारणामा आफ्नो बन क्षेत्र भित्र अनिवार्य रुपमा कम्तीमा एकवटा रिचार्ज पोखरी निर्माण गर्नुपर्नेछ। सामुदायिक वन संरक्षण र सदुपयोगका निम्ति कानुनअनुसार विभिन्न कृयाकलापहरु संचालन गरिनेछ।
४३. गाउँपालिका क्षेत्र भित्र पाइने चराहरुको गणना गर्ने,वन तथा वातावरण संरक्षण,बृक्षारोपण गर्ने,वन्यजन्तु संरक्षण गर्ने सामुदायिक वन उपभोक्ता समुहहरुको क्षमता विकास,अनुगमन नियमन गर्ने लगायतका कार्यक्रमहरु संचालन गर्न रु ५ लाख बजेट व्यवस्था गरेको छु।

४४. गौमुखी नौबहिनी संरक्षित वन घोषणा गरि कार्यान्वयन गर्न लुम्बिनी प्रदेश सरकार,संघीय सरकार लगायतका निकायहरुसङ्ग आवश्यक समन्वय गरिनेछ।

४५. गाउँपालिकाको विपद प्रतिकार्य योजनालाई अध्यावधिक गरिनेछ। बिपदका कारण हुन सक्ने संभावित मानवीय र भौतिक क्षति न्यूनीकरण गर्न बिपद पुर्व तयारी,विपद पछि सिघ्र खोज, उद्दार,राहत र पुनःस्थापनाका क्रियाकलाप संचालन गर्न बिपद व्यबस्थापन शिर्षकमा रु २० लाख बजेट बिनियोजन गरेको छु। गाउँपालिका भित्रका सम्पुर्ण कच्चीघरहरुको निर्जीवन बीमा गरिनेछ। यस्का लागि रु १० लाख बिनियोजन गरेको छु।

४६. जडिबुटीलाई गाउँपालिकाको आम्दानीको महत्त्वपूर्ण श्रोतको रुपमा लिएर उत्पादित तथा वनजङ्गलमा आधारित जडिबुटीहरुको निकासी पैठारीमा प्रभावकारी नियमन गरिनेछ। जडिबुटीको बजार प्रबर्द्धन एवं व्यवसायीक उत्पादनका क्रियाकलापहरु संचालन गरिनेछ।

४७. गौमुखी क्षेत्र राप्ती नदीप्रणालीको प्रमुख तथा महत्त्वपूर्ण जलाधार क्षेत्र रहेकाले जलाधार क्षेत्र संरक्षण र रोयल्टीको अधिकारका सन्दर्भमा संघीय सरकार, लुम्बिनी प्रदेश सरकार, बुटवल पावर कम्पनी लगायतका सरोकारवाला निकाय सङ्ग आवश्यक समन्वय र सहकार्य गरिनेछ। भुक्षय नियन्त्रण,पहिरो
रोकथाम र नदी कटान नियन्त्रण जस्ता कार्यक्रम संचालन गरिनेछ।

खानेपानी,यातायात र पुर्वाधार।

४८. गाउँपालिका भित्र “एक घर एक खानेपानी धारा“ को योजनालाई निरन्तर कार्यान्वयन गरिनेछ। वहुवर्षीय योजनाको रुपमा नारीकोट लिफ्ट खानेपानी योजना,बुक्तिचौर खानेपानी योजना,गौथलेमुल खानेपानी योजना लगायतका योजनाहरु लाई यथासक्य छिटो सम्पन्न गर्ने तर्फ संघ र प्रदेश सरकार संग समन्वय गरिनेछ। निर्मित खानेपानी संरचनाहरुको दिगो संरक्षण,मर्मत सम्भार गर्न आवश्यक बजेट प्रबन्ध गरेको छु। “एक घर एक खानेपानी धारा“को योजनालाई सार्थक बनाउन नेपाल स्वास्थ्यका लागि पानी(नेवा)लगायतका संस्थाहरु सङ्ग साझेदारी एवं सहकार्य गरिनेछ।
४९. जलश्रोत व्यवस्थापन र खानेपानी मुहान दर्ता लगायतका कामहरुलाई व्यबस्थित गर्न गाउँसभा बाट ऐन निर्माण गरि कार्यान्वयन गरिनेछ। जलउत्पन्न प्रकोप न्यूनीकरणका लागि क्रियाकलापहरु संचालन गर्न आवश्यक बजेट प्रबन्ध गरेको छु।
५०. सडक गुरुयोजनाका आधारमा प्राथमिकता निर्धारण गरि मोटरबाटोहरुको स्तरउन्नति गरिनेछ।
५१. मोटरबाटोको पहुँच पुग्न बाकी रणनैतिक ठाउँहरुमा आगामी वर्ष सडक पहुँच पुर्याइनेछ। गौमुखी आधार शिविर किनाम सम्म मोटरबाटो पुर्याउन रु १५ लाख र मदाने सम्म मोटरबाटो पुर्याउन भोम्ली गलङ्गछङ्ग मदाने सडकका लागि रु २० लाख बिनियोजन गरेको छु। गाउँपालिकाको मुख्य बजार ठुलावेसी बजार सडक ढलान गर्न चालुवर्ष देखि सुरु भएको योजनालाई निरन्तरता दिदै आगामी वर्षका लागि रु २० लाख बिनियोजन गरेको छु। ठुलावेसी अर्खा आराबारे बाग्लुङ सडकको लागि १५ लाख बजेट व्यवस्था गरेको छु।

५२. गाउँपालिकाकै गौरवको पुर्वाधारका रुपमा अर्खा-रजवारा जोड्ने ३७२ मिटर लामो झोलुङ्गे पुल निर्माण कार्य आगामी वर्ष प्रारम्भ हुनेछ। गाउँपालिका भित्र आगामी वर्ष थप ३ वटा पुलहरुको निर्माण कार्य अगाडी बढाउन बजेट व्यवस्था भएको छ।

५३. गौमुखी गाउँपालिकाको प्रशासकीय भवन निर्माण प्रक्रिया चालू आर्थिक वर्ष बाट सुरु भएको छ। भवन निर्माण कार्यको लागि आगामी आवमा रु १ करोड बिनियोजन गरेको छु।

न्यायीक समिति

५४. न्यायमा सर्बसाधारणको पहुँच अभिवृद्धि गर्न न्यायिक समितीबाट विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ। मेलमिलापकर्ताहरुको क्षमता विकास,समुदायमा कानुनी सचेतना कार्यक्रम लगायत न्यायिक समितिबाट हुने विभिन्न कार्यक्रमहरुका लागि रु २० लाख बजेट बिनियोजन गरेको छु।
५५. गौमुखी गाउँपालिकाले निर्माण गरेका स्थानीय कानुनहरुको प्रभावकारी कार्यान्वयन र कानुनी अनुशिक्षणका लागि आवस्यक बजेट प्रबन्ध गरेको छु।

बजार अनुगमन र उपभोक्ता हित

५६. उपभोक्ता अधिकार संरक्षण गर्दै बजारमा न्युन गुणस्तरका तथा म्याद सकिएका खाद्यबस्तुहरु बिक्रीवितरणमा रोक लगाउन नियमित र प्रभावकारी बजार अनुगमन गरिनेछ। नेपालको संविधान २०७२ को धारा ३५,लुम्बिनी प्रदेशको बजार नियमन तथा प्रतिस्पर्धा पर्बर्धन ऐन-२०७७,गौमुखी गाउँपालिकाको मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि-२०७५ र गौमुखी गाउँपालिका

बजार अनुगमन निर्देशिका-२०७५ अनुसार जनस्वास्थ्यमा प्रतिकुल असर गर्ने कम गुणस्तरका मदिरा बिक्रीवितरण कार्यलाई प्रभावकारी रुपमा नियन्त्रण गरिनेछ। यसका लागि आवश्यक बजेट प्रबन्ध गरेको छु।

आर्थिक योजना,तथ्यांक र शासकीय सुधार।

५७. गौमुखी गाउँपालिकाको आवधिक योजना र मध्यमकालिन खर्च संरचना निर्माण गरि लागु गर्न रु १० लाख बजेट बिनियोजन गरेको छु।

५८. गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरिनेछ। रिक्त पदहरुमा स्थायी पदपुर्तीका लागि लुम्बिनी प्रदेश लोकसेवा आयोगलाई अनुरोध गरिनेछ।
५९. सुशासन,पारदर्शिता र जबाफदेहिता पर्बर्धनका लागि वडा र गाउँपालिका स्तरमा चौमासिक रुपमा सार्बजनिक सुनुवाइ कार्यक्रमका लागि रु ५ लाख बजेट बिनियोजन गरिएको छ। छिटोछरितो सेवा प्रबाह एवं नागरिकका समस्या र गुनासो सुनुवाइका लागि नागरिक सहायता कक्ष निर्माण गरिनेछ। उपभोक्ता समितिहरुको क्षमता विकास,कर्मचारीहरुको क्षमता विकास लगायतका कार्यक्रमहरुका लागि आवस्यक बजेट प्रबन्ध गरेको छु।

सुचना प्रबिधि

६०. गाउँपालिकाका सार्बजनिक महत्त्व एवं सेवाग्राहीहरुको धेरै उपस्थिति हुने स्थानहरुमा निशुल्क वाइफाई सेवा उपलब्ध गराइनेछ। गाउँपालिकाको सूचना प्रबिधि शाखालाई प्रबिधि युक्त बनाउदै "पालिका सूचना केन्द्र" को रुपमा विकास गर्न आवश्यक बजेट व्यबस्था गरेको छु। सार्बजनिक सेवामा गुणस्तरियता कायम गर्दै प्रबिधिमैत्री बनाउने,डिजिटल नागरिक बडापत्र,गाउँपालिकाको एप्स र प्रबिधिको प्रयोग गरि अनुगमन सुपरिबेक्षण गर्ने प्रणालीको विकास गरिनेछ।

राजस्व सम्बन्धि नीति

६१. सभाध्यक्ष महोदय अब म गौमुखी गाउँपालिकाको राजश्व नीति प्रस्तुत गर्न चाहान्छु।
स्थानीय कर प्रणालीलाई उत्पादन वृद्धि र सामाजिक न्याय तथा समृद्धि हासिल गर्ने उद्देश्य सङ्ग एकाकार गरिएको छ। स्थानीय सरकारको अधिकार क्षेत्र भित्रका करको दायरा फराकिलो बनाउदै आन्तरिक राजस्व वृद्धि गर्न स्थानीय आर्थिक नीतिको प्रभावकारी कार्यान्वयन गरिनेछ। नदीजन्य पदार्थबाट संकलन भएको राजश्व बिभाज्य कोषमा जम्मा गरि ६० प्रतिसत स्थानीय संचित कोष र ४० प्रतिसत प्रदेश संचित कोषमा जम्मा हुने व्यवस्था मिलाइनेछ। आगामी आर्थिक वर्षको श्रावण १ गतेदेखि लागुहुने स्थानीय करको दर सम्बन्धि व्यवस्था र बिनियोजन शिर्षकहरुलाई बजेट बक्तव्यको अनुसूचीहरुमा उल्लेख गरिएको छ।

सभाध्यक्ष महोदय
अब म बजेटमा उल्लेखित नीति,कार्यक्रम र योजनाहरु कार्यान्वयनका लागि बजेट बिनियोजन र श्रोत अनुमान प्रस्तुत गर्न चाहन्छु।आगामी आर्थिक वर्ष ०८१/०८२ को नीति कार्यक्रम कार्यान्वयन गर्न जम्मा ४६,२०,९७,०००/- (छ्यालिस करोड बिस लाख सन्तानब्बे हजार) खर्च हुने अनुमान गरेको छु।

आगामी आर्थिक वर्षको लागि अनुमान गरिएको खर्च व्यहोर्ने श्रोत मध्ये

संघिय सरकार अनुदान तथा राजश्व बाडफाड — ४२,६४,८२,०००/-(बयालिस करोड चौसठ्ठि लाख बयासि हजार)

प्रदेश सरकार अनुदान तथा राजश्व बाडफाड — २,५६,१५,०००/-(दुइ करोड छेपन्न लाख पन्ध्र हजार)

गाउँपालिकाको आन्तरिक आम्दानि — १,००,००,०००/-(एक करोड)

सभाध्यक्ष महोदय
गौमुखी गाउँपालिकाको आगामी आर्थिक वर्ष ०८१/०८२ को बजेट तथा कार्यक्रम तर्जुमाका लागि नेतृत्व एवं मार्गदर्शन गर्नुहुने गाउँपालिकाका आदरणीय अध्यक्ष ज्यु,गाउँ कार्यपालिकाका सदस्य ज्यु हरु,गाउँसभाका सदस्यज्यु हरु,प्रमुख प्रशासकीय अधिकृत लगायत राष्ट्रसेवक कर्मचारीहरु,सुझाव र पृष्ठपोषण प्रदान गर्नुहुने विभिन्न राजनीतिक दल,निजिक्षेत्र ,संचारकर्मी लगायत आम गौमुखीवासी दिदीबहिनी,दाजुभाइहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु र प्रस्तुत बजेट तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि सबैपक्ष सङ्ग सहयोग एवं  सहकार्यको आव्हान गर्दछु ।
धन्यावाद ।
जय गौमुखी ।

**आर्थिक बर्ष**
**२०८१/०८२**
**को**
**बजेट बक्तव्य**